आज मिति: २०८१/०३/२० गते सोमबार ११:०० बजे यस गाउँपालिकाको आ.व. २०८०/०८१ को गाउँ सभाको वर्षे अधिवेशनको तेस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालको अध्यक्षतामा बस्यो ।

<u>उपस्थिती:</u>

| क स | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शंकर राज बराल | अध्यक्ष | | |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | उपाध्यक्ष | | |
| ३ | श्री सोम प्रसाद बराल | सदस्य | | |
| ४ | श्री दौलत कार्की | सदस्य | | |
| ५ | श्री कृष्ण प्रसाद पोखरेल | सदस्य | | |
| ६ | श्री भक्त बहादुर भुजेल | सदस्य | | |
| ७ | श्री गोविन्द बहादुर लुङ्गेली | सदस्य | | |
| ८ | श्री रविन कुमार श्रेष्ठ | सदस्य | | |
| ९ | श्री रेगन राज थापा | सदस्य | | |
| १० | श्री सम्झना पोखरेल | सदस्य | | |
| ११ | श्री उर्वशी कुमारी ढुङ्गेल | सदस्य | | |
| १२ | श्री खरि माया आले (पूर्वछाने | सदस्य | | |
| १३ | श्री शान्ती कामी | सदस्य | | |
| १४ | श्री सम्वर बहादुर माझी | सदस्य | | |
| १५ | श्री अम्वर दिप बिक | सदस्य | | |
| १६ | श्री विन्दा कुमारी सुनुवार | सदस्य | | |
| १७ | श्री चेत बहादुर खड्का | सदस्य | | |
| १८ | श्री टिका कुमारी वि.क | सदस्य | | |
| १९ | श्री पुस बहादुर थापा | सदस्य | | |
| २० | श्री कुमारी माया थापा मगर | सदस्य | | |
| २१ | श्री हिमाल बहादुर थापा मगर | सदस्य | | |
| २२ | श्री कृष्ण कुमारी सार्की | सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री राम बहादुर ठकुरी | सदस्य | | |
| २४ | श्री तारा कुमारी घिमिरे | सदस्य | | |
| २५ | श्री ईन्द्र बहादुर भुजेल | सदस्य | | |
| २६ | श्री भानुभक्त मगर | सदस्य | | |
| २७ | श्री तारा बहादुर खपाङ्गी | सदस्य | | |
| २८ | श्री ईन्द्र माया कामी | सदस्य | | |
| २९ | श्री पुर्णबहादुर थापा | सदस्य | | |
| ३० | श्री लक्ष्मी कुमारी हायू | सदस्य | | |
| ३१ | श्री सुनिता विश्वकर्मा (कामी) | सदस्य | | |
| ३२ | श्री डोर बहादुर थापा | सदस्य | | |
| ३३ | श्री चिना सार्की | सदस्य | | |
| ३४ | श्री ध्रुव बहादुर वि.क | सदस्य | | |
| ३५ | श्री उदय बहादुर मश्राङ्गी मगर | सदस्य | | |
| ३६ | श्री शंकर बहादुर थापा | सदस्य | | |
| ३७ | श्री विन्दाराम मग्राती | सदस्य | | |
| ३८ | श्री कुशल राई | सदस्य | | |
| ३९ | श्री ठाकुर प्रसाद दाहाल | प्र.प्र.अ./सचिव | | |

अन्य उपस्थिती:

| क.स | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| ४०. | भीम बहादुर श्रेष्ठ | योजना शाखा प्रमुख | | |
| ४१. | उदय बहादुर थापा | गाउँपालिका प्रहरी | | |
| ४२. | [illegible] प्रसाद शर्मा | इन्जिनियर गा.पा. | | |
| ४३ | हरि ब० कार्की | रोजगार सहायक | | |
| ४४ | पदम बहादुर [illegible] | [illegible] सहायक | | |
| ४५. | मिन प्रसाद पोखरेल | कार्यालय सहयोगी | | |
| ४६. | कृष्ण बहादुर ठकुरी | गा०पा० प्रहरी | | |
| ४७. | सन्दिप थापा | कार्यालय सहयोगी | | |
| ४८. | बेल कुमार | के. अ. | | |
| ४९. | भाष्कर थापा | ब. अ. | | |
| ५०. | आशिष राय | सी.प.नि.प्रो | | |
| ५१. | केदार कापले मगर | कार्यालय सहयोगी | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरु**

१. न्यायिक समितिको आ व २०८०।०८१ को प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

२. गोलन्जोर गाउँपालिकाको कार्यपालिकाको बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

३. आ व २०७९।८० को महालेखा परिक्षक अन्तिम प्रतिवेदन माथि छलफल सम्बन्धमा ।

४. गोलन्जोर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, क्षमता विकास योजना र खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८०/०८१-२०९०/०९१ सम्बन्धमा ।

५. गृहिणी महिला सशक्तीकरण कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन तथा अनुमोदन सम्बन्धमा ।

६. रोजगार तथा सहकारी शाखा समायोजन सम्बन्धमा ।

७. स्थानीय रोजगार रणनीति, २०८१ स्वीकृत सम्बन्धमा ।

८. विपद पुर्व तयारी तथा प्रतिकार्य योजना,२०८१ स्वीकृत सम्बन्धमा ।

९. करार सेवा नविकरण सम्बन्धमा ।

१०. गोलन्जोर गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।

११ भवन स्वामित्व सम्वन्धमा ।

१२.विविध ।

शङ्कर राज बराल
अध्यक्ष

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८० श्रावण देखि २०८१ असार १९ सम्ममा न्यायिक समितिको संयोजकबाट प्रस्तुत भई गाउँ सभा अध्यक्ष मार्फत गाउँ सभामा पेश हुन आएको निर्णय नं १ संग सम्वन्धित प्रतिवेदनलाई छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ गोलन्जोर गाउँपालिकाको मिति २०८० श्रावण १ देखि २०८१ असार मसान्त सम्म भएका सम्पुर्ण बैठकहरुका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ गोलन्जोर गाउँपालिकाको आ व २०७९।८० को महालेखा परिक्षक अन्तिम प्रतिवेदन माथि दफावार छलफल गरी सम्परीक्षण, नियमित र असुलउपर गर्न आदेश दिने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ गोलन्जोर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको संगठन संरचनालाई आधार मानि संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका,२०७७ ले दिएका मार्गदर्शन बमोजिम गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति मार्फत प्राप्त गोलन्जोर गाउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८०लाई स्वीकृत गर्ने निर्णय गरियो । यसै गरी गोलन्जोर गाउँपालिकाको क्षमता विकास योजना २०८१/०८२ –२०८३/०८४ स्वीकृत गरी कार्यन्वियनको लागि आवश्यक्ता अनुसार वजेट व्यवस्थापन गर्दै जाने निर्णय गरियो ।साथै गाउँपालिकाको निर्मित खानेपानी, सरसफाइ तथा स्वच्छता(खासस्व) योजना २०८०/०८१-२०९०/०९१ स्वीकृत गरी कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथि छलफल गर्दा गृहिणी महिला बजेट तथा कार्यक्रम कार्यान्वयन तथा अनुमोदन सम्बन्धमा बागमती प्रदेश सरकारको सहयोगमा गोलन्जोर गाउँपालिकामा सञ्चालित गृहिणी महिला कार्यक्रम अन्तर्गतको तपशिल अनुसारको बजेट तथा कार्यक्रम कार्यान्वयन समेत अनुमोदन गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष

तपशिल

गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८० अनुसूची ३ बमोजिम कार्यक्रमको खर्च शिर्षक बाँडफाँड

| क स | कार्यक्रम/खर्च शिर्षक | लक्ष्य | एकाई | दर | रकम |
|---|---|---|---|---|---|
| १ | गृहिणी महिलाहरुको प्रोफाइल विकास कार्यक्रक संचालन | ६० जना | २ वटा | २५,०००/- | ५०,०००/- |
| २ | **सिप विकास तालिम** | | | | |
| | ढाका सिलाई बुनाई तालिम वडा नं. ३ ग्वाल्टार | ३०.जना | १ वटा | ६,१८,२९५/- | ६,१८,२९५/- |
| | चप्पल बनाउने तालिम वडा नं. ६ वलेनी | ३० जना | १ वटा | ५,१३,३००/- | ५,१३,३००/- |
| ३ | **अनुगमन मूल्यांकन खर्च** | | | | |
| | गाउँपालिका/ कार्यक्रम सहजिकरण समिति/ योजना अनुगमन समिति/ अन्य सरोकारवाला निकायहरु | | ल. स. | ८०,०००/- | ८०,०००/- |
| ४ | बिँउ पूँजी परिचालन | ६० जना | २ वटा समुहमा | १,००,०००/- | २,००,०००/- |
| जम्मा | | | | | १४,६१,९९५/- |
| प्रदेश सरकार | | | | | १२,४२,३५६/- |
| स्थानिय तह (कुल बजेटको १५प्रतिशत) | | | | | २,१९,२३९/- |

निर्णय नं ६ प्रस्ताव नं ६ रोजगार तथा सहकारी शाखा समायोजन सम्बन्धमा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कायम रहेको रोजगार शाखा र गाउँपालिका अन्तर्गत रहेको सहकारी शाखालाई समायोजन गरी श्रम रोजगार तथा सहकारी शाखाको एकिकृत रुपमा कार्यसम्पादन गर्ने गरी स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ स्थानीय रोजगार रणनीति स्वीकृत सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको स्थानीय रोजगार रणनीति पञ्च वर्षिय (आ व २०८१।०८२ -२०८५।०८६) गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र विभिन्न निजी तथा सरकारी र गैर सरकारी संघ संस्थाको सहयोगमा कार्यान्वयन हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष

निर्णय नं ८. प्रस्ताव नं ८ विपद पुर्व तयारी तथा प्रतिकार्य योजना,२०८१ स्वीकृत सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको विपद जन्य घटनालाई न्युनिकरण र विपद आउनु भन्दा पुर्व तयारी गर्ने सम्बन्धि गाउँपालिकाको योजना निर्माण तथा पुनरावलोकन योजनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं. ९ करार सेवा नविकरण सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका कार्यालय अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको गोलन्जोर गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७४ अनुसार र संघीय तथा प्रदेश सशर्त अनुदान अनुसार करारमा रहेका कर्मचारीहरुको सन्दर्भमा नियुक्त हुँदाको कानून अनुसार करार सेवा नविकरण गर्ने निर्णय गरियो । यस गोलन्जोर गाउँपालिकाको पदमा कार्यरत ईन्जिनियर (सिभिल) र आई.टी ईन्जिनियर/सूचना प्रविधि अधिकृतको आधारपद सातौं कायम गरी अधिकृत सातौं तहले पाउने सुरु तलब स्केल सो सरह सुविधा प्रदान गरी करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।साथै गाउँपालिकामा विगत २०७४/०७५ देखि हाल सम्म कामकाज गरिरहेको गाउँपालिका प्रहरीहरुको हकमा तह वढुवा सम्वन्धमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०. प्रस्ताव नं. १० गोलन्जोर गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७७ संशोधन सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७७ को परिच्छेद २ को दफा (६) को दर्ताको लागि आवश्यक कागजातहरु सँग सम्वन्धित अनूसूची ४ मा रहेको व्यवसाय दर्ता निवेदनको साविकको व्यहोरालाई संसोधन गरी तपशिल अनुसारको व्यवसाय दर्ता निवेदन कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ११ प्रस्ताव नं ११ भवन स्वामित्व सम्वन्धमा छलभल गर्दा गोलन्जोर गाउँपालिका ३ कटुवा खोलाको कृषि सहकारी भवन र वजार स्थित लघु उद्यमको भवनको स्वामित्व गाउँपालिकाले ग्रहण गर्ने र प्रयोगको लागि ३ नं वडा कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं १२ प्रस्ताव नं १२ विविध (क) निकासी करको ठेक्का आव्हान सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको आ.व. २०८१/०८२ को आन्तरीक आय संकलनको लागि मिति २०८१।०३।११ को स्थानीय राजश्व परामर्श समितिको बैठकले सिफारिस गरे बमोजिम ठेक्का आव्हान गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ विविध (ख) धन्यवाद सम्बन्धमा गोलन्जोर गाउँपालिकाको गाउँ सभा को १५ औ अधिवेशनमा उपस्थित भएर गाउँ सभाको बैठकमा आफ्ना महत्वपुर्ण समय दिई सुझाव सहित गोलन्जोर गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी यो अधिवेसन सम्पन्न गर्न महत्वपुर्ण भुमिका निर्वाह गर्नु भएका सम्पुर्ण गाउँ सभाका सदस्यज्युहरु, कर्मचारी, शिक्षक, बुद्धिजिबी, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधी, पत्रकार तथा सुरक्षाकर्मी सम्पुर्णमा हार्दिक धन्यवाद दिदै गाउँपालिकाको बर्षे अधिवेशन सम्पन्न गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष